# 'राजनीतिक उचारचढावले व्यापार सुधार हुन सकेन'

काठमाडौं, २४ वैशाख (कास): राजनीतिक उचारचढाव र भन्सार तथा गैरभन्सारजन्य अवरोध कारण निर्यात व्यापारमा सुधार हुन नसकेको सरोकारवालाले बताएका छन्। उनीहरूका अनुसार भन्सार तथा गैरभन्सारजन्य अवरोधका कारण विश्वका अन्य मुलुकसँग हुने कुल व्यापारमध्ये सार्क मुलुकबीच ५ प्रतिशतमात्र आपसी व्यापार हुने गरेको छ।

एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट (सावती) ले मंगलबार राजधानीमा गरेको कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव लालमणि जोशीले राजनीतिक उतारचढावका कारण व्यापार निर्यातमा सुधार हुन नसकेको बताए। "व्यापार निर्यात वृद्धिका लागि नियम र नियमन आवश्यक हुन्छ, राम्रो राजनीतिक अवस्था भएमात्र राम्रो व्यापार हुन्छ," उनले भने, "तर राजनीतिक अवस्था सुधार भएको छैन, त्यही कारण व्यापार घाटा पनि बढिरहेको छ।" नेपालको मुख्य व्यापार हुने भारतमा पनि भन्सार र गैरभन्सार अवरोध हुने गरेको उनले बताए।

नेपाल र भारत भन्सार नाकामा अझै पनि पूर्वाधार विकास हुन नसकेको जोशीले बताए। "भारतले प्रस्ताव गरेको एकपटक अतिरिक्त लकबारेमा सम्झौता नहुँदा अन्तरदेशीय सरकारस्तरको छलफल रोकिएको छ," उनले भने, "त्यही कारण नेपालका भारतसँग चार-पाँचवटा व्यापारसम्बन्धी छलफल हुन सकेका छैनन्।" क्षेत्रीय देशहरूले आपसमा व्यापारका लागि खुला नीति नअंगालेकाले यो क्षेत्रका देशबीच आपसी व्यापार बढ्न नसकेको उनको बुझाइ छ।

कार्यक्रममा विश्व बैंककी राष्ट्रिय व्यवस्थापक तासिन सेयदले सार्क देशबीच व्यापारमा भन्सार तथा गैरभन्सारजन्य अवरोध बाधक रहेको भन्दै त्यसलाई हटाउन क्षेत्रीय एकता मजबुत बनाउन तथा क्षेत्रीय पूर्वाधार विकासमा जोड दिन सुझाव दिइन्। "हरेक देशबीच सहज सम्पर्क स्थापित गर्नुपर्ने अवस्था छ," उनले भनिन्, "विश्व बैंकले क्षेत्रीय व्यापार अभिवृद्धिका लागि पूर्वाधार निर्माण तथा भन्सार सहजीकरणका लागि १० करोड अमेरिकी डलर खर्च गर्न लागेको छ।"

विश्व बैंकका दक्षिण एसिया क्षेत्रीय प्रमुख अर्थशास्त्री डेभिड गोल्डले सीमित द्विपक्षीय सम्झौता तथा एकमात्र पारवहन करिडोर र कन्टेनर कार्गो रेलका कारण व्यापार चुनौतीपूर्ण बनेको बताए। "क्रस बोर्डर इलेक्ट्रिक तथ्यांक साटासाट गर्ने व्यवस्था छैन," उनले भने, "सिमानामा भ्रष्टाचार तथा अनौपचारिक भुक्तानी छ, गोदाम र पार्किङ सुविधा छैन।" उनले दक्षिण एसियामा नियमन फ्रेमवर्क कमी, संस्थागत क्षमताको कमी र प्रतिस्पर्धात्मक बजारको अभाव रहेको औंल्याए।

सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले दक्षिण एसियामा क्रस बोर्डर बाधक, नियमन क्षमता कमजोर, भन्सार तथा गैरभन्सारजन्य अवरोध र यातायात समस्या रहेको बताए। ●